नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभाग
हरिहरभवन, पुल्चोक, ललितपुर

# प्रेस विज्ञप्ती

## झुट्टा तथा नक्कली विजक प्रयोग गरी राजस्व छलि गर्ने हस्पी केयर इन्टरनेशनल (स्था.ले.नं.६०४८५७५७६) र श्री श्याम ट्रेडर्स (स्था.ले.नं.३०४१४०२३१), त्रिपुरेश्वरले राजस्व चुहावट गरेको अभियोगमा भारत स्थायी ठेगाना भई हाल काठमाडौं, बाफल बस्ने भारतीय नागरिक मुख्य व्यक्ति केशब बंशल समेतलाई रु. ११,१९,८४,१६४।- विगो कायम गरी विगोको दोब्बरसम्म जरिवाना र ३ वर्षसम्म कैद मागदावी लिई मिति २०७६/०७/२५ गते काठमाण्डौ जिल्ला अदालतमा मुद्दा दर्ता गरिएको ।

हस्पी केयर इन्टरनेशनल (स्था.ले.नं.६०४८५७५७६) र श्री श्याम ट्रेडर्स (स्था.ले.नं. ३०४१४०२३१) ले वस्तु तथा सेवा खरिद नै नगरी झुठ्ठा तथा नक्कली मु.अ. कर विजक मात्र खरिद गरी मूल्य अभिवृद्धि कर र आयकर समेतको राजस्व चुहावटको कसूरमा संलग्नता रहेको देखिएको । निज प्रतिवादी भारतीय नागरिक केशव बंशलले राजस्व चुहावट गरी आर्जन गरेको रकमबाट खरिद गरेको घर, जग्गा तथा सवारी साधनहरु नेपाली नागरिकहरुको नाममा दर्ता गरी भोगचलन गर्ने गरेको पाईएको । प्रतिवादीहरुले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित एवं सोही ऐनको दफा ४ को खण्ड (क) र (ख) बमोजिम कसुर गरी **मु.अ.कर तर्फ रु. ३,१२,१९,९५९।-** र **आयकर तर्फ रु. ८,०७,६४,२०५।-** समेत गरि राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम हुने जम्मा विगो **रु. ११,१९,८४,१६४।- (अक्षरेपी एघार करोड उन्नाईस लाख चौरासी हजार एक सय चौसठ्ठी मात्र))** राजस्व चुहावट गरेको वारदात स्थापित हुन आएकोले राजस्व चुहावट गरेको कसुरमा **हस्पी केयर इन्टरनेशनल (स्था.ले.नं.६०४८५७५७६) को कारोवार गर्ने फरार मुख्य व्यक्ति केशव वंशल र फर्मका प्रोप्राईटर रामसुन्दर रायभर र श्री श्याम ट्रेडर्स (स्था.ले.नं.३०४१४०२३१) का प्रोप्राईटर राकेश पाण्डेय समेतलाई** उल्लिखित कसुर अपराधमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ को उपदफा (१) र (३) वमोजिम विगो रकम रु. ११,१९,८४,१६४।- असुल उपर गराई विगोको दोब्बर सम्म जरिवाना गरी ३ वर्षसम्म कैद सजाय हुन माग दावी लिई काठमाण्डौ जिल्ला अदालतमा मिति २०७६।०७।२५ गते मुद्दा दर्ता गरिएको । साथै निज केशव वंशलले सम्पत्ति शुद्धीकरण सम्वन्धी कसुर समेत गरेको देखिदा आवश्यक छानविन तथा अनुसन्धान गर्न सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा लेखी पठाइएको ।

सूचना अधिकारी
राजस्व अनुसन्धान विभाग